आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

बनेपा-१०, काभ्रेपलाञ्चोक

# दशौँ वार्षिक साधारण सभा

## काम कारवाही, छलफल तथा निर्णयहरुको विवरण (MINUTE)

### १. बैधानिक सभा :

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड सञ्चालक समितिको मिति २०८२ पौष ०७ गते बसेको १७०औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) र वित्तीय संस्थाको नियमावलीको १८(२) अनुरूप दशौँ वार्षिक साधारणसभा संस्थाका सञ्चालक समितिका अध्यक्ष **श्री बिनोद ज्ञवाली** ज्यूको अध्यक्षतामा देहाय बमोजिम सुसम्पन्न भयो ।

### २. सभाको मिति, समय र स्थान :

२.१ मिति : २०८२ पौष २९ गते मंगलबार (तदनुसार १३ जनवरी, २०२६)

२.२ समय : बिहान ०९:०० बजे ।

२.३ स्थान : बनेपा पार्टी भेन्यू, बनेपा-८, काभ्रेपलाञ्चोक

### ३. सभाको सूचना प्रकाशन :

३.१ कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा र वित्तीय संस्थाको नियमावलीको १८(२) बमोजिम साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०८२ पौष ०८ गते मंगलबारका दिन प्रथम पटक तथा मिति २०८२ पौष २३ गते बुधबारका दिन दोस्रो पटक **आर्थिक अभियान** राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक प्रकाशन गरिएको, वित्तीय संस्थाको वेवसाईडमा समेत राखिएको तथा मोबाईलमा एस एम एस मार्फत शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

३.२ सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरू एवम् अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुलाई यथासम्भव उपलब्ध गराईएको र प्राप्त गर्न नसक्नु हुने शेयरधनी महानुभावहरुलाई यसै सभास्थलमा उपलब्ध गराईने व्यहोरा सभा सञ्चालक कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

### ४. छलफल तथा निर्णयका लागि निर्धारित विषयवस्तुहरु :

#### क) सामान्य प्रस्तावहरु

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने ।

(ख) आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासताल, नाफा नोक्सान, नगद प्रवाह विवरण सहितको लेखा विवरण,निर्देशन

अनुसारका अन्य अनुसूचीहरु तथा कर्जा नोक्सानी व्यवस्थाको विवरण समेत) छलफल गरी पारीत गर्ने ।

(ग) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन,२०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि सोही ऐन को दफा १६५(घ) वमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए वमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक **सि.ए.दुर्गा प्रसाद ज्ञवाली,एफ.सि.ए.एन.वि.एस.एम एण्ड एसोसियट्स चाटर्ड एकाउन्टेण्ट्स**).पुनःनियुक्त हुन योग्य हुनुहुन्छ ।)

(घ) सञ्चालक समितिको मिति २०८२/०४/०९ गते अपरान्ह ५:०० बजे बसेको १६५ औं बैठकको निर्णयानुसार स्थाई ठेगाना का.म.न.पा-२८, प्रदर्शनी मार्ग, काठमाण्डौं निवासी श्री सम्झना श्रेष्ठलाई यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालकमा मिति २०८२/०४/११ गते देखि लागु हुने गरी नियूक्त गरिएकोमा सो नियूक्ती अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु**

(क) भविष्यमा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिन (Marger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि आवश्यक कार्यहरुगर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ख) हाल कायम रहेको पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ६६.०४ प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ३३.९६ प्रतिशत सेयर स्वामित्व रहेकोमा सो सेयर स्वामित्वमा परिवर्तन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.१०.१३(च) मा उल्लेखित व्यवस्था, संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिने रहेकोमा प्रचलित ऐन, कानूनको दायरा भित्र रहेर सो सेयर स्वामित्वमा परिवर्तन गर्ने ।

(ग) प्रवन्ध पत्र र नियमावली संशोधन स्विकृतीको क्रममा नियमनकारी निकायबाट कुनै फेरवदल,थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न सञ्चालक समितिलाई वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**ग) विविध ।**

## ५. सभामा उपस्थिति :

### ५.१ सञ्चालकहरूको उपस्थिति :

कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार कम्पनीको साधारण सभामा सञ्चालकहरू यथासम्भव स्वयम् उपस्थित हुनुपर्नेछ भन्ने व्यवस्था वमोजिम देहायका ७ जना सञ्चालकहरूको स्वयम् उपस्थित रहेको थियो ।

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072

| क्र.स | सञ्चालकहठको नाम | ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | संचालक नियुक्त भएको मिति | सञ्चालक नियुक्तिको तरिका |
|---|---|---|---|---|---|---|
| १. | श्री बिनोद ज्ञवाली | कुसुमखोला -०३, पाल्पा | संस्थापक | १६,३९७ | २०८१/१०/१४ | निर्वाचन |
| २ | श्री सन्तोष पोखरेल | सुन्दरपुर -०१, मोरङ | संस्थापक | ८,८०८ | २०८१/१०/१४ | निर्वाचन |
| ३. | श्री पुष्पराज ढकाल | साखर - ०९, स्याङ्जा | संस्थापक | ८,३५९ | २०८१/१०/१४ | निर्वाचन |
| ४. | श्री गोपाल वस्याल | दोभान -०१, पाल्पा | संस्थापक | ८,३५९ | २०८१/१०/१४ | निर्वाचन |
| ५. | श्री विमल आचार्य | चन्द्रगढी -०६, झापा | सर्वसाधारण | १३१ | २०८१/१०/१४ | निर्वाचन |
| ६. | श्री तिर्थ सागर अर्याल | अर्जुन चौपानी -४, स्याङ्गजा | सर्वसाधारण | २०० | २०८१/१०/१४ | निर्वाचन |
| ७ | श्रीमती सम्झना श्रेष्ठ | का.म.न.पा-२८, प्रदर्शनी मार्ग | स्वतन्त्र | | २०८२/०४/११ | सञ्चालक समिति |

## ५.२ शेयरधनीहरुको उपस्थिति :

वित्तीय संस्थाको कुल शेयरधनी संख्या ४५,०२१ जना रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| क्र.सं. | विवरण | कित्ता |
|---|---|---|
| १ | बिक्रि भएको कुल शेयर (संख्यामा) | ३६,७१,४३४.०९कित्ता |
| २ | शेयरधनी संख्या (संस्थापक समूह) | ३८२ जना |
| ३ | शेयरधनी संख्या (सर्वसाधारण समूह) | ४४,६३९जना |
| ४ | स्वयम् उपस्थिति शेयरको प्रतिनिधित्व (संख्यामा) | ४०४,१२० कित्ता (२८ जना) |
| ५ | प्रतिनिधि मार्फत उपस्थिति शेयरको प्रतिनिधित्व (संख्यामा) | १५,३७,४७६ कित्ता (२२१ जना) |
| ६ | जम्मा उपस्थिति शेयरको प्रतिनिधित्व (संख्यामा) | १९,४१,५९६ कित्ता (२४९जना) |
| ७ | जम्मा उपस्थिति शेयरको प्रतिनिधित्व | ५२.८८ प्रतिशत |

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

(१) कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभा गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनुपर्ने र कुल शेयरधनी मध्ये कम्तिमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनुपर्ने व्यवस्था रहेकोमा संस्थाको दशौं वार्षिक साधारण सभामा शेयरधनीहरुको हाजिरी जनाउने शेयरधनीको संख्या २४९ जना (स्वयम् उपस्थित २८ जना, प्रतिनिधिद्धारा उपस्थित २२१) रहेको र निजहरुले वित्तीय संस्थाको कुल शेयर संख्या ३६,७१,४३४.०९ कित्ताको १९,४१,५९६ संख्या शेयर कित्ता उपस्थित भएको अर्थात कुल शेयरको ५२.८८ प्रतिशत प्रतिनिधित्व रहेको हुँदा आवश्यक गणपुरक संख्या पुगेको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भयो ।

(२) तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कार्यवाही बढाउन सभाले अनुमति दियो ।

## ७. सभाको अध्यक्षता र आसन ग्रहणः

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम र यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. को विनियमावलीको दफा १९(१) मा भएको व्यवस्था अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष **श्री बिनोद ज्ञवाली**ज्यूलाई सभाको अध्यक्षता ग्रहण गरिदिन हुन अनुरोध गर्नु भयो र वहाँले सभाध्यक्षको आसन ग्रहण गर्नुभयो । साथै अन्य सञ्चालक समितिका सदस्य ज्यूहरू, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरुले पनि क्रमशः सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो ।

## ८. सभाको औपचारिक उद्‌घाटन :

सभाको औपचारिक उद्‌घाटनका लागि कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भए बमोजिम सभा अध्यक्षले पानसमा दीप प्रज्वलन गरी सभाको औपचारिक उद्‌घाटन गर्नुभयो ।

## ९. खादा र व्याज वितरणः

अध्यक्ष तथा संचालकज्यूहरुलाई संस्थाका कर्मचारी श्री रमिता के.सी., श्री सृजना के.सी. र श्री स्वेता यादवले ब्याच वितरण गर्नुभएको थियो ।

## १०. स्वागत मन्तव्य :

सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित अतिथि महानुभावहरुलाई स्वागत गरिदिनका लागि कम्पनी सचिवले सञ्चालक श्री पुष्पराज ढकाल ज्यूलाई अनुरोध गर्नुभयो र उहाँले वित्तीय संस्थाको कार्यप्रगति वारे संक्षेपमा जानकारी गराउँदै शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो ।

## ११. राष्ट्रिय गान

त्यस पश्चात् उपस्थित महानुभावहरु राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

## १२. सभाको सञ्चालन :

सभाको कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषय सूचिहरू सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

## १३. प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूको अनुमती अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट संस्थाको आर्थिक बर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षले सभामा पढेर सुनाउनु भयो ।

## १४. प्रतिवेदन उपर छलफल :

अध्यक्षले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन उपर छलफलका लागि सभा सञ्चालक तथा कम्पनी सचिवले सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई आफ्नो आफ्नो जिज्ञासा, प्रश्न एवं सुझाव राख्न आग्रह गर्नु भयो ।

## १५. छलफलका लागि आव्हान

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072

कम्पनी सचिवले सभामा प्रस्तुत प्रतिवदनहरु उपर छलफलको लागि आव्हान गर्नुभयो तत्पश्चात सभामा उपस्थित तपसिलका शेयरधनी महानुभावहरुले आफ्नो आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझाव प्रस्तुत गर्नुभयो ।

**छलफलका क्रममा शेयरधनि वक्ताहरुले सभामा व्यक्त गर्नु भएको राय सुझाव सहितको मुख्य मुख्य विषयहरुको सारांश :**

१. **श्री गोविन्द बहादुर के.सी.**

यस वित्तीयले दशौं वार्षिक साधारण सभामा पनि लाभांश वितरण गर्न नसक्नुको कारण आर्थिक तरलता तथा अराजनितिक गतिबिधिका कारण खम्चिनु परेको, कर्जा असुलीमा समस्या आई पर्याप्त कर्जा नोक्सानी व्यवस्था गर्नुपरेको । तर आगामी वर्ष मुनाफा वितरण गर्न सफल हुने विश्वास व्यक्त गर्नु भयो । विश्वव्यापी आर्थिक संकुचनले नेपालको अर्थतन्त्रमा पनि व्यापक असार गरेको छ । विगत केहि वर्षयता लघुवित्त वित्तीय संस्था विरोधी कार्यक्रम संचालन भई सेवा प्रवाहमा भैम सृजना गरेकोले लघुवित्तको कर्जा प्रवाह तथा असुली र निक्षेप संकलनमा प्रत्यक्ष असर परेको देखिन्छ । यी सबैको बावजुत संस्थाका सुचकाङ्कहरुमा संस्थाको वित्तीय अवस्था मजवुत छ भन्ने देखाउँछ । आर्थिक अनियमितता गरेका कर्मचारीहरुलाई कानुनी कारवाही अगाडी बढाएकोमा वित्तीय संस्थाका सञ्चालक तथा व्यवस्थापनलाई धन्यबाद व्यक्त गर्नुका साथै सो रकम अशुलीको प्रक्रिया अगाडी बढाउन समेत सुझाव दिनु भयो ।

२. **श्री डा. बालकृष्ण चापागाई**

विश्व बजारमा परेको आर्थिक मन्दी,कोभिडको प्रभाव तथा हाल देशको राजनितीक अस्थिरता यसको साथै अहीले बजारमा देखीएका लघुवित्त संघर्षसमिती तथा दुर्गा प्रसाई जस्ता अराजक तत्वले लघुवीत्तको गलत प्रचारले प्रभाब पारेको छ । समय गतिशील छ यस्ता परिस्थिती तथा प्रभावहरुको बावजुद पनी चुनौतीलाई अवसरमा बदल्ने काम कर्मचारी को हो कर्मचारीले कार्य गर्ने क्रममा जुनसुकै परिष्थीतिमा पनी गलत तथा नकारात्मक भ्रम फैलाउने कार्य गर्नु हुंदैन कर्मचारी इमान्दार भई निती निमय सङ्गत कार्य गरेमा अवस्य संस्था माथी जान्छ । सञ्चालक समितीको अध्यक्ष ख्याती प्राप्त व्यक्ती हुनुन्छ यसको साथै प्रमुख कार्यकारी अधिकृत समेत Young Energetic कुशल व्यक्तीत्व हुनुन्छ पक्कै पनी संस्थालाई क्रमीक रुपमा सबै परीष्थितीको सामाना गर्दै अगाडी लैजानु हुनेछ । गरिवी दुखी तथा लक्षीत वर्गलाई धनी बनाउन संस्थाले राम्रो काम गरेकोमा खुशी व्यक्त गनुभयो ।

## १६. जिज्ञासा उपर जवाफ :

शेयरधनी महानुभावहरुले सभामा ब्यक्त गर्नुभएको जिज्ञासा र सुझावप्रति सभा अध्यक्षले स्पष्ट पार्दै आगामी दिनमा उहाँहरुले ब्यक्त गर्नुभएको भावना अनुरुप संस्था अघि बढाउने बचनबद्धता सहित सकरात्मक सुझावका लागि धन्यबाद ब्यक्त गर्नुहुँदै प्रस्तावहरु पारित गरिदिन सभा समक्ष अनुरोध गर्नुभयो ।

**अध्यक्षको प्रतिवेदन र वित्तीय विवरण बारेका जिज्ञासा उपर समाधान पश्चात निर्धारित विषयवस्तुहरु सभामा कम्पनी सचिवबाट निम्नानुसार प्रस्तुत गरियो ।**

## १७. सभाबाट पारित प्रस्तावहरू :

### क) सामान्य प्रस्तावहरु

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

❖ उक्त प्रस्ताव सभामा प्रस्तुत हुँदा कर्तलध्वनिका साथ सर्वसम्मतिले पारित भयो ।

(२) आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखापरिक्षण प्रतिवेदन तथा सो का आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात नाफा नोक्सान हिसाव, नगद प्रवाह बिबरण सहितको लेखा बिबरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु तथा कर्जा नोक्सानी ब्यबस्थाको विवरण समेत) छलफल गरी पारित गर्ने ।

❖ सो प्रस्ताव सभामा प्रस्तुत भएपछि सभाबाट सर्वसम्मत पारीत भयो ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक बर्ष २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

❖ सो प्रस्ताव सभामा प्रस्तुत भएपछि सभाबाट सर्वसम्मत पारीत भयो ।

(४) सञ्चालक समितिको मिति २०८२/०४/०९ गते अपरान्ह ५:०० बजे बसेको १६५ औं बैठकको निर्णयानुसार स्थाई ठेगाना का.म.न.पा-२८, प्रदर्शनी मार्ग, काठमाण्डौं निवासी श्री सम्झना श्रेष्ठलाई यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालकमा मिति २०८२/०४/११ गते देखि लागु हुने गरी नियूक्त गरिएकोमा सो नियूक्ती अनुमोदन गर्ने ।

❖ सो प्रस्ताव सभामा प्रस्तुत भएपछि सभाबाट सो अनुमोदन सर्वसम्मत पारीत भयो ।

**ख) <u>विशेष प्रस्तावहरु</u> :**

(१) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने/हुने प्रयोजनका लागि आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

❖ उक्त विशेष प्रस्ताव सभामा पेश भएपछि सर्वसम्मतिले पारित भयो ।

(२) हाल कायम रहेको पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ६६.०४ प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ३३.९६ प्रतिशत सेयर स्वामित्व रहेकोमा सो सेयर स्वामित्वमा परिवर्तन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं.१०.१३(च) मा उल्लेखित व्यवस्था, संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिने रहेकोमा प्रचलित ऐन, कानूनको दायरा भित्र रहेर सो सेयर स्वामित्वमा परिवर्तन गर्ने ।

❖ सो विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072

(३) प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

❖ सो विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

## ग. विविध :

बिबिध सम्बन्धमा कुनै प्रस्तावहरु प्रस्तुत हुन नआएको ।

## १८. सभाको समापनः

पूर्व निर्धारित विषय सूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले कम्पनी सचिवले सभाका अध्यक्ष **श्री बिनोद ज्ञवाली ज्यूलाई** दशौं वार्षिक साधारण सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो । बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट पेश भएका प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरिदिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, बाह्य लेखापरीक्षक, शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, ग्राहक सदस्यहरु, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव, वित्तीय संस्थाका कर्मचारीहरु, सभा हल र खानपानको व्यवस्था गरिदिने बनेपा पार्टी भेन्यू, बनेपा, काभ्रेपलाञ्चोक लगायत सम्बद्ध सवै प्रति हार्दिक आभार प्रकट गर्दै सभाध्यक्षज्यूले ११:०० बजे साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072

| | |
|---|---|
| ........................ | ........................ |
| श्री शिव प्रसाद ज्ञवाली | श्री बिनोद ज्ञवाली |
| कम्पनी सचिव | अध्यक्ष |

सभा सम्पन्न मिति : २०८२ साल पौष २९ गते (तदनुसार जनवरी १३, २०२६) मंगलबार ।